# हिमाली गाउँपालिकाको विनियोजन ऐन
# २०८१

हिमाली गाउँपालिका
बाजुरा जिल्ला
सुदूरपश्चिम प्रदेश, नेपाल

गाउँपालिका अध्यक्ष

# स्थानीय तहको विनियोजन ऐन २०८१

**हिमाली गाउँपालिकाको आर्थिक बर्ष २०८१/२०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति: २०८१/०३/०९

**प्रस्तावना:** हिमाली गाउँपालिका आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम हिमाली गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१)यस ऐनको नाम " हिमाली गाउँपालिको विनियोजन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८१।०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

१)आर्थिक वर्ष २०८१।०८२ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३५ करोड २७ लाख ८९ हजार नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१।०८२ को निमित्त हिमाली गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउ ँसभाको स्वीकृति लिन ुपर्नेछ।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुनलाचौर, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

गाउँपालिका अध्यक्ष

CamScanner

अनुसूची-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | खर्च शीर्षक | स्रोत | दाता | संकेत | रकम रु. |
|---|---|---|---|---|---|
| 1 | समानिकरण अनुदान पुजिगत | नगद | नेपाल सरकार | संघ | 77000000.00 |
| 2 | शर्सत अनुदान चालु | नगद | नेपाल सरकार | संघ | 102370000.00 |
| 3 | शर्सत अनुदान चालु | बस्तुगत अनुदान | डब्लु.एफ.पी. | संघ | 7900000.00 |
| 4 | शर्सत अनुदान चालु | सोध भर्ना अनुदान | एस.इ.एस.पी. | संघ | 5300000.00 |
| 5 | शर्सत अनुदान चालु | सोध भर्ना ऋण | एस.इ.एस.पी. | संघ | 7100000.00 |
| 6 | शर्सत अनुदान चालु | नगद अनुदान | युरोपियन युनियन | संघ | 2100000.00 |
| 7 | शर्सत अनुदान चालु | सोध भर्ना ऋण | आई.डि.ए. | संघ | 5700000.00 |
| 8 | शर्सत अनुदान पुंजीगत | आन्तरिक ऋण | नेपाल सरकार | संघ | 2000000.00 |
| 9 | समपुरक अनुदान पुंजीगत | आन्तरिक ऋण | नेपाल सरकार | संघ | 5000000.00 |
| 10 | विशेष अनुदान पुंजीगत | आन्तरिक ऋण | नेपाल सरकार | संघ | 12000000.00 |
| 11 | राजस्व बाँडफाँड चालु | नगद | नेपाल सरकार | संघ | 87400000.00 |
| 12 | समानिकरण अनुदान पुजिगत | नगद | प्रदेश सरकार | प्रदेश | 6359000.00 |
| 13 | शर्सत अनुदान चालु | नगद | प्रदेश सरकार | प्रदेश | 550000.00 |
| 14 | विशेष अनुदान पुंजीगत | नगद | प्रदेश सरकार | प्रदेश | 6500000.00 |
| 15 | समपुरक अनुदान पुंजीगत | नगद | प्रदेश सरकार | प्रदेश | 12776000.00 |
| 16 | शर्सत अनुदान पुंजीगत | नगद | प्रदेश सरकार | प्रदेश | 9700000.00 |
| 17 | राजस्व बाँडफाँड चालु | नगद | प्रदेश सरकार | प्रदेश | 3034000.00 |
| 18 | आन्तरिक श्रोत | नगद | हिमाली गा.पा. | अल्या | 4750000.00 |
| 19 | अल्या गत आ.व. | बैंक मौज्दात | हिमाली गा.पा. | अल्या | 16103500.00 |
| 20 | अल्या गत आ.व. चालु | बैंक मौज्दात | हिमाली गा.पा. | अल्या | 3908000.00 |
| जम्मा | रु. सैतिस करोड पचहत्तर लाख पचास हजार पांच सय मात्र | | | | 377550500.00 |

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | सर्शत | वित्तिय व्यवस्था | अ.ल्या. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | | | ७ |
| १ | | हिमाली गाउँपालिका | ९ करोड ९० लाख ९२ हजार | ९ करोड ९४ लाख ६२ हजार पाँच सय | १४ करोड २७ लाख २० हजार | १ करोड ६२ लाख ६४ हजार ५ सय | २ करोड ११ हजार ५ सय | सैतिस करोड पचहत्तर लाख पचास हजार पांच सय मात्र |
| २ | | वडा समिति | | | | | | |
| ३ | | विषयगत शाखा | | | | | | |
| ४ | | ऋणको सावा ब्याज भुक्तानी | | | | | | |
| ५ | | लगानी ( शेयर/ऋण) | | | | | | |

CamScanner